फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्डः ३ | संख्याः २ | मितिः २०७७/०४/०७

भाग-२

**फलेवास नगर कार्यपालिका**

## फलेवास नगरपालिकाको प्रमुख प्रशासकीय भवन निर्माण स्थल छनौट कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०४/०७

प्रस्तावनाः

फलेवास नगरपालिकाको सातौं नगर सभाले नगरपालिकाको केन्द्र वडा नं. ५ खानीगाउँमा तोकेको र सभाले दिएको कार्यदेश अनुसार प्रमुख प्रशासकीय भवन निर्माण गर्न उपयुक्त स्थानमा जग्गा छनौट गर्न वाञ्छनीय भएकोले नगर कार्यपालिकाले फलेवास नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम फलेवास नगरपालिकाको प्रमुख प्रशासकीय भवन निर्माण स्थल छनौट कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि फलेवास नगर कार्यपालिकाको निर्णय पछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा : (१) बिषय वा प्रसङ्गले अका अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) "कार्यविधि" भन्नाले फलेवास नगरपालिकाको प्रमुख प्रशासकीय भवन निर्माण स्थल छनौट कार्यविधि, २०७७ सम्झनु पर्छ ।

(ख) "नगर कार्यपालिका" भन्नाले फलेवास नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "प्रमुख प्रशासकीय भवन" भन्नाले फलेवास नगर कार्यपालिकाको मुख्य प्रशासनिक भवन सम्झनु पर्छ ।

(घ) "वैठक" भन्नाले फलेवास नगर कार्यपालिकाको वैठक सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले फलेवास नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

## ३. जग्गा छनौटको आधार/मापदण्ड :

फलेवास नगरपालिकाको मुख्य कार्यालय (प्रमुख प्रशासकीय भवन) निर्माणका लागि जग्गा छनौट गर्दा देहायका आधार तथा मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।

क) वडा नं. ५ भित्र सडक पहुँच पुगेको स्थान हुनु पर्दछ ।

ख) जग्गा समथर, प्लट मिलेको र भवन निर्माणको लागि उपयुक्त हुनु पर्दछ ।

ग) नगरपालिकाको स्वामित्वमा सहज रुपमा आउन सक्ने हुनु पर्दछ ।

घ) मुख्य भवन, पार्किङ, पार्क, खुला क्षेत्र, भविष्यमा भौतिक संरचना थप गर्न सक्ने सम्भावना भएको स्थान हुनु पर्दछ ।

ङ) सवै वडालाई सडक सञ्जालले जोडिएको नगर भित्रका अधिकासं वडालाई सहज पहुँच हुने स्थान हुनु पर्दछ ।

च) खेतीयोग्य जमिन कम भएको, वैकल्पिक जमिनको उपयोग, खुला चौर, पाखो उपयोग गर्न सकिने हुनु पर्दछ ।

छ) अन्य पालिका, प्रदेश र संघीय सरकारको सम्पर्क समन्वय सहज रुपमा हुन सक्ने स्थान हुनु पर्दछ ।

ज) सुरक्षाका हिसावले उपयुक्त, सुरक्षा तथा रणनैतिक हिसावले महत्वपूर्ण स्थान हुनु पर्दछ ।

झ) प्राकृतिक जोखिम कम भएका स्थान रहेको हुनु पर्दछ ।

ञ) नगरवासीहरुलाई अधिकतम पायक पर्ने, सहज आवगमन हुन सक्ने स्थान हुनु पर्दछ ।

ट) भविश्यमा क्षेत्र विस्तार गर्न सकिने सम्भावना भएको स्थान हुनु पर्ने छ ।

## ४) जग्गा छनौटको लागि प्राथमिकता :

नगर कार्यपालिकाको प्रमुख प्रकाशकीय भवन निर्माण गर्दा दफा ३ मा उल्लेखित मापदण्ड पुरा भएको जमिनलाई देहाय अनुसार प्राथमिकताका आधारमा छनौट गरिने छ ।

क) व्यक्तिगत, समुहगत वा संस्थागत जमिन उपलव्ध गराउन चाहेमा निशुल्क उपलव्ध गराउनेलाई प्राथमिकता हुनेछ ।

ख) नगरपालिकाको नाममा सहज रुपमा स्वामित्व हुने जमिनलाई प्राथमिकता हुनेछ ।

ग) समथर र जमिन वढि प्राप्त हुने स्थानलाई प्राथमिकता हुनेछ ।

घ) भौतिक पूर्वाधार निर्माणका लागि उपयुक्त हुने समथर जमिनलाई प्राथमिकता हुनेछ ।

**५) जग्गाको स्वामित्वमा लिई भवन निर्माण :**

क) कार्यविधि अनुसारको जग्गा छनौट गरी स्वामित्वमा लिने जिम्मेवारी नगर कार्यपालिकाको कार्यालयलाई हुनेछ ।

ख) नगर कार्यपालिकाको स्वामित्वमा उपयुक्त जमिन प्राप्त भए पछि कार्यालयवाट आवश्यक प्रक्रिया पुरा गरी भवन निर्माणको प्रक्रिया अगाडी वढाउने जिम्मेवारी कार्यालयको हुनेछ ।

ग) भवन निर्माणको लागि श्रोतको खोजी गर्ने, साझेदारी गर्ने र समयमा नै भवन निर्माणको कार्य प्रारम्भ गर्ने जिम्मेवारी कार्यालयको हुनेछ ।

**६) कार्यालयहरु पायक पर्ने स्थानमा राख्न सक्ने :**

क) नगरका महाशाखा, शाखा तथा इकाई कार्यालयहरु नगरपालिकाको केन्द्र तोकिएको वडा भित्र सहज रुपमा सेवा प्रवाह, सहज आवतजावत हुने गरी विभिन्न स्थानमा भवन निर्माण गरी कार्यालय व्यवस्थापन गर्न सकिने छ ।

**७) वाधा अड्काउ फुकाउ :**

आवश्यक भएमा यस कार्यविधिको शंसोधन नगर कार्यपालिकाले गर्न सक्ने छ ।

आज्ञाले,

मुक्तिराम रिजाल

प्रमुख प्रशासकीय अधिकृत